नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

EMBASSY OF NEPAL
New Delhi

२७ अप्रिल २०२१

### *भारतमा रहेका नेपालीलाई कोभिड-१९ महामारीको संक्रमणबाट सुरक्षित रहन सावधानी अपनाउने सम्बन्धी सूचना*

१. हाल भारतका विभिन्न राज्यहरुमा कोभिड-१९ महामारीको संक्रमण अत्यधिकरुपमा वृद्धि भइरहेको सन्दर्भमा विभिन्न पेशा, व्यवसाय, रोजगारी तथा अध्ययनका सिलसिलामा भारतमा रहनुभएका नेपाली दिदीबहिनी दाजुभाइलाई संक्रमणबाट बच्न यहाँको सरकारद्वारा निर्धारित स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्णरुपमा पालना गरी सुरक्षित रहन नेपाली राजदूतावास सबैमा हार्दिक अपिल गर्दछ ।

२. संक्रमणबाट बच्न मास्कको उचित प्रयोग गर्न, अत्यावश्यक एवं जरुरी काममा वाहेक घरबाट बाहिर ननिस्कन, भीडभाडबाट टाढा रहन एवं भेटघाटमा सामाजिक दुरी अपनाउन राजदूतावास सबैमा अनुरोध गर्दछ ।

३. कार्यालय समयमा राजदूतावासबाट कुनै सेवा लिनुपर्ने भएमा अथवा अन्य कुनै विषयमा सूचना तथा जानकारी, सल्लाह, सुझाब, समन्वय तथा सहयोगको लागि राजदूतावासको टेलिफोन नम्बर +911123476200 वा eonnewdelhi@mofa.gov.np इमेल ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

४. कार्यालय समय अघिपछि आपतकालीन अवस्थामा वा स्वास्थ्य उपचारको सिलसिलामा कुनै कागजात तत्काल आवश्यक परेमा राजदूतावासको मोबाइल टेलिफोन नं +918929601925 (WhatsApp सेवा समेत) अथवा consular.delhi@mofa.gov.np इमेल ठेगानामा मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

५. साथै, स्वास्थ्य अवस्था गम्भीर भएमा सहयोग एवं सहजीकरणका लागि राजदूतावासको मोबाइल टेलिफोन नं +919205195009 मा सम्पर्क गर्नुहुन अनुरोध छ ।